# <u>मेडिकल कलेजहरुले नियम विपरीत मनलाग्दी शुल्क लिएको सम्बन्धी संक्षिप्त छानविन प्रतिवेदनको सारसंक्षेप</u>

## १. <u>उजुरीको व्यहोराः</u>

(क) शैक्षिक शुल्कका नाममा लाखौं रुपैयाँ असुलेर विद्यार्थी/अभिभावकलाई ठगी गर्ने मेडिकल कलेजलाई त्रिभुवन विश्वविद्यालय कै उपकुलपति तीर्थराज खनियाँले संरक्षण गरेको ।

(ख) गण्डकी मेडिकल कलेज, युनिभर्सल मेडिकल कलेज, नेसनल मेडिकल कलेज र चितवन मेडिकल कलेजहरुले MBBS र BDS अध्ययनरत विद्यार्थीहरुसँग हरेक वर्ष लाखौं अतिरिक्त रकम असुल्दै आएको ।

(ग) माथि (क) र (ख) मा उल्लेख भएका उजुरीहरु समेतको कागजात संलग्न गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (हेलो सरकार कक्ष) को च.नं. 03-2019-W62HIJ, मिति २०७५।१२।१७ को पत्रबाट आवश्यक कारवाहीका लागि यस केन्द्रमा प्राप्त भएको र केन्द्रको मिति २०७५।१२।२४ को निर्णयबाट छानविन टोली गठन गरिएको ।

२. <u>कार्यदिशः</u>

राष्ट्रिय सतर्कता केन्द्रको निर्णय बमोजिम छानविन टोलीलाई तपसिल बमोजिमको कार्यदिश  प्रदान भएको थियो ।

(क) त्रिभुवन विश्वविद्यालयमा रहेको अनुगमन निर्देशनालयले मेडिकल कलेजहरुलाई गर्ने अनुगमनका बिषयहरु, अनुगमन बिधि, समय र उक्त निर्देशनालयवाट अनुगमन पश्चात पेश भएको प्रतिबेदनको कार्यान्वयनको अबस्था ।

(ख) मेडिकल कलेजका विरुद्ध त्रि.वि.वि. डिनको कार्यालय र त्रि.वि.वि. का अन्य निकायहरुमा परेको उजुरी र उजुरीका बिषयमा उक्त निकायहरुवाट भएको कारवाहीको पछिल्लो अबस्था ।

(ग) नेपाल सरकारवाट तोकेको शुल्क भन्दा बढी शुल्क लिने कलेजलाई हुने कारवाही, त्रि.वि.वि.ले हालसम्म नियम विपरित तोकिए भन्दा बढी शुल्क लिएका कलेजलाई गरेको कारवाहीको पछिल्लो अबस्था ।

(घ) उल्लेखित बिषय लगायतका अन्य बिषयमा छानबिन समितिलाई उपयुक्त लागेका अन्य बिषयहरु ।

## ३. नेपाल सरकारले विभिन्न शैक्षिक वर्षमा MBBS अध्ययनका लागि निर्धारण गरेको शुल्कको विवरण

- शै.व. २०७३।७४ मा उपत्यका भित्रका मेडिकल कलेजहरुमा रु.३५,००,०००।- र उपत्यका बाहिरका मेडिकल कलेजहरुमा रु.३८,५०,०००।–
- शै.व. २०७४।७५ र २०७५।७६ मा उपत्यका भित्रका मेडिकल कलेजहरुमा रु.३८,५०,००० र उपत्यका बाहिरका मेडिकल कलेजहरुमा रु.४२,४५,०००।-
- शुल्क निर्धारण सम्बन्धमा त्रिभुवन विश्वविद्यालय ऐन अनुसार नेपाल सरकारले तोकेको हकमा सोही बमोजिम हुने र नतोकेको हकमा त्रि.वि.वि. कार्यकारी परिषद्ले तोक्न सक्ने देखिन्छ भने काठमाडौं विश्वविद्यालय ऐन अनुसार उक्त विश्वविद्यालयलाई कुनै पनि शुल्क निर्धारण गर्ने अधिकार प्रदान गरेको देखिँदैन ।
- नेपाल सरकारले विभिन्न मितिमा तोकेको शुल्क काठमाडौं विश्वविद्यालयले लिनुपर्नेमा सरकारको निर्णय विपरीत तोकेको शुल्क भन्दा शिक्षण शुल्क ४९,९०,००० सम्म र अन्य विभिन्न शीर्षकमा शुल्क निर्धारण गर्न कलेजहरुलाई परिपत्र गरेको देखिन्छ ।

**मेडिकल कलेजहरुले अतिरिक्त शुल्क लिएका विभिन्न शीर्षकहरु**

- Admission
- Registration
- Affiliation
- Institutional
- Year Promotion
- Community Field
- Clinical Trainings
- Laboratory
- Library and Information
- Examination
- Sports and Medicines
- Inflation Adjustment
- Deposit
- Tax and fee
- Intern Fee
- Medical test
- Student welfare
- Autopsy, Development, Medical field logistic
- Teacher and guardian fee
- Miscellaneous
- Caution Money
- Extra Curriculum Activities
- Student Programs
- Refundable

**<u>मेडिकल कलेजहरुको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाहरु</u>**

- शिक्षण शुल्क भित्र सम्पूर्ण शुल्क पर्ने, शिक्षण शुल्क निर्धारण भइसकेपछि अन्य विषयमा शुल्क लिन नपाइने अन्तर्राष्ट्रिय मान्यता रहेको ।

- चिकित्सा शास्त्र अध्यादेश (२०७४।७।२४ नेपाल राजपत्र अतिरिक्तांक-२८ को परिभाषा खण्ड "त") अनुसार शिक्षण शुल्कमा सबै शुल्क समावेश हुने उल्लेख भएको ।

- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २- "शिक्षण शुल्क भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अवधिभर लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनुपर्छ" भन्ने उल्लेख भएको ।

## ४. छानबिनवाट प्राप्त तथ्यहरु

(क) **त्रिभुवन विश्वविद्यालयको मेडिकल कलेज अनुगमन समितिको छानविन प्रतिवेदन सम्बन्धी केही तथ्यहरुः**

- अनुगमन निर्देशनालयवाट शै.व. २०७४/७५ मा नेशनल मेडिकल कलेज, बीरगंज, किष्ट मेडिकल कलेज, इमाडोल, ललितपुर, युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज, भैरहवा, चितवन स्कुल अफ मेडिकल साइन्सेज प्रा.लि. भरतपुर, गण्डकी मेडिकल कलेज, कास्की, पोखराको अनुगमन गरेको देखिन्छ।

- अनुगमनमा पश्चात प्राप्त प्रतिबेदनले औंल्याएका कैफियत कार्यान्वयनको लागि अनुगमन निर्देशनालयको च.नं. ४२८ मिति २०७४/१२/१६ को पत्रवाट श्रीमान उपकुलपति, अध्यक्ष, कार्यकारी परिषदको सचिवालय, त्रि.वि.वि. कीर्तिपुरलाई पेश गरेको, प्राप्त प्रतिबेदनहरु त्रि.वि.वि. कार्यकारी परिषदको मिति २०७४/१२/२८ को निर्णय नं. १८५० वाट निम्नानुसार निर्णय भै उक्त निर्णय कार्यान्वयन गर्न श्री योजना निर्देशनालय, त्रि.वि.वि., कीर्तिपुरलाई पठाई बोधार्थ तथा कार्यार्थ भनि श्री चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगंजलाई पत्राचार गरेको देखिएको ।

- उक्त निर्णय कार्यान्वयनको लागि त्रि.वि.वि. सभा तथा कार्यकारी परिषदको च.नं. ६६१ मिति २०७४।१२।३० को पत्रवाट श्री योजना निर्देशनालय त्रि.वि.वि. कीर्तिपुरलाई बोधार्थ र कायार्थ भनि श्री चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालय, महाराजगंजलाई पत्राचार गरेको संलग्न कागजातवाट देखिन्छ । निर्णय कार्यान्वयन सम्बन्धी उक्त पत्र त्रि.वि.वि. को योजना निर्देशनालयले फाइलमा फाइलिङ गरेर राखेको पाइयो । यस सम्बन्धमा सम्वन्धित निर्देशनालयका प्रमुखसँग जानकारी माग गर्दा उक्त निर्देशनको पत्र निजसम्म नपुगी फाइलिङ भएको जानकारी छानबिन समितिलाई गराएको ।

- सो पत्रको कारवाहीको सम्वन्धमा डिन कार्यालयसंग जानकारी माग गर्दा डीनको कार्यालयलाई वढी शुल्क उठाएको बिषयमा कारवाही गर्ने अधिकार नभएको जानकारी छानबिन समितिलाई गराएको । यस

सम्वन्धमा कारवाही गर्ने अधिकार डिनको कार्यालयलाई नभएको र कारवाही गर्नुपर्ने भए अधिकार प्रत्यायोजन गरीदिनुहुन भन्ने ब्यहोराको पत्राचार त्रि.वि.वि. लाई गरेको देखिन्छ भने त्रि.वि.वि. ले यस बिषयमा थप कारवाही गरेको देखिदैन ।

**(ख) मेडिकल कलेजहरुले अतिरिक्त शुल्क उठाएको सम्बन्धी विवरणः**

| क्र. सं. | मेडिकल कलेजको नाम | अतिरिक्त रकम उठाएको शैक्षिक वर्ष | कुल उठाएको जम्मा अतिरिक्त रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेशनल मेडिकल कलेज, विरगंज | शै.व. ०१५ देखि ०१८ सम्म | रु.३२,५५,९१,५००।- | |
| २. | युनिभर्सल कलेज अफ मेडिकल साइन्स, भैरहवा | सन् ०१५ देखि सन् ०१८ सम्ममा | रु.३२,७२,३०,०००।- | |
| ३. | गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल, पोखरा | शै.व.०१५-०१८ सम्ममा | रु.४३,०४,९०,०००।-<br>(त्रि.वि.वि.वाट अनुगमन टोलीले दिएको प्रतिवेदन अनुसार अतिरिक्त रकम जम्मा रु.५१,९८,२९,०००।-) | |
| ४. | किष्ट मेडिकल कलेज, ललितपुर | | रु.५,९९,३०,०००।- | |
| ५. | नेपालगंज मेडिकल कलेज, नेपालगंज | २०१५/०१८ सम्म | रु.२१,९१,२५,२००।- | |
| ६. | देवदह मेडिकल कलेज, रुपन्देही | ०१५ देखि १८ सम्म | रु.३,८९,९४,०००।- | |
| ७. | लुम्विनी मेडिकल कलेज, पाल्पा | ०१५ देखि ०१८ सम्म | रु.३२,९६,८४,०००।- | |
| ८. | मनिपाल कलेज अफ मेडिकल साईन्सेज, फूलवारी | ०१५ देखि ०१८ सम्म | रु.१०,०९,००,०००।- | |
| ९. | बिराट मेडिकल कलेज, बिराटनगर | २०१५ देखि ०१८ सम्म | रु.१९,०९,३३,२८९।- | |
| १०. | नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल, विराटनगर | २०१५ देखि ०१८ | रु.३५,४७,४४,११८।- | |
| ११. | काठमाण्डौ मेडिकल कलेज, सिनामंगल | २०१४ देखि ०१८ सम्म | रु.२७,८१,६५,१९०।- | |
| १२. | कलेज अफ मेडिकल साईन्स, भरतपुर चितवन | ०१५ देखि ०१८ | रु.१०,६१,५७,०००।- | |
| | १२ वटा मेडिकल कलेजबाट उठाएको कुल जम्मा | | रु.२,८५,१३,१६,२९७।- | |

उपरोक्त बमोजिम अतिरिक्त शुल्क उठाउँदा सबै कलेजहरुमा एक रुपता भएको देखिँदैन । प्रति विद्यार्थी प्रत्येक शैक्षिक वर्षमा रु.२,००,०००।- देखि रु.२५,४०,५३२।- सम्म अतिरिक्त शुल्क उठाएको देखिन आयो।

## ५. सुझावहरुः

- कलेजहरुले नेपाल सरकारले तोकेको शुल्क भन्दा बिभिन्न बिषयमा अतिरिक्त शुल्क लिएको देखिएकोले यस सम्वन्धमा सम्वन्धित निकायवाट नियमानुसार कारवाही गर्न लेखी पठाउने ।
- काठमाण्डौ विश्वविद्यालय ऐन, २०४८ मा उक्त विश्वविद्यालयलाई शुल्क निर्धारण गर्ने अधिकार रहेको देखिदैन तर उक्त विश्वविद्यालयले सरकारले तोके भन्दा बढी शुल्क उठाउन परिपत्र गरेको देखिँदा यस सम्वन्धमा नियमानुसार कारवाही हुनुपर्ने देखिन्छ ।
- त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको अनुगमन निर्देशनालयवाट भएको अनुगमन पश्चात पेश भएको प्रतिवेदन सम्वन्धित निकाय/पदाधिकारीले कार्यान्वयन गरेको नपाइएकोले जिम्मेवार पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरी प्रतिबेदनमा उल्लेखित कैफियत कार्यान्वयन हुनुपर्ने ।
- निजी कलेजहरुले दिएका उपर्युक्त सुझाव समेत कार्यान्वयन गरी शुल्क सम्वन्धमा पटक/पटक उठ्ने विवादको निराकरण हुनुपर्ने र शुल्क तोक्दा निजी मेडिकल कलेजलाई समेत संलग्न गराइनु उचित हुने ।
- कलेजहरु संगको छलफलको क्रममा बर्षमा २ पटक (६/६ महिना) बिद्यार्थी भर्ना गर्ने व्यवस्था हुन सरकारको तर्फवाट आवश्यक निर्णय हुन उचित हुने र बिदेशी बिद्यार्थीको शुल्क कलेजलाई निर्धारण गर्न दिने हो भने हाल तोकेको शुल्क भन्दा कममा समेत नेपाली बिद्यार्थीलाई पठन पाठन गर्न सकिने भनि टोलीलाई जानकारी गराएकोले यसतर्फ सरकारको ध्यान जान जरुरी देखिन्छ ।
- मेडिकल कलेजहरुले मनोमानी ढंगवाट शुल्क उठाइएको विषयमा संघीय संसद, प्रतिनिधि सभा, शिक्षा तथा स्वास्थ्य समितिवाट समेत छानबिन भैरहेकोले एक प्रति छानबिन प्रतिवेदन तहाँ समेत पठाउन मनासिव हुने ।
- शुल्क निर्धारण गर्दा शै.व. शुरु हुनु भन्दा अगाबै निर्धारण गरी के के बिषयमा कति शुल्क लिने हो स्पष्ट हुनुपर्ने र शुल्कका सम्वन्धमा नियमित अनुगमन समेत हुनुपर्ने ।
- कलेजले उपलब्ध गराउने शिक्षाको स्तर र स्वास्थ्य सेवाको सम्वन्धमा भौतिक पूर्वाधारको अबस्था र गुणस्तर समेतलाई मध्यनजर गरी कलेजको स्तर निर्धारण गर्न मनासिव देखिन्छ ।
- कतिपय मेडिकल कलेजहरुले बिद्यार्थीहरुवाट उठाएको रकमको कुनै विल भरपाई नदिई हातहातै अबैध तरीकावाट रकम लिने, यसरी रकम नदिए परिचय पत्र नवनाईदिने, लाईब्रेरी कार्ड नदिने, आन्तरिक परीक्षामा फेल गराउने भनी धम्की दिने भन्ने जानकारी अध्ययनरत बिद्यार्थीहरुवाट खुल्न आएकोले यस्तो हुँदा

एकातर्फ नेपाल सरकारलाई तिर्नुपर्ने कर छली भैरहेको देखिन्छ भने विद्यार्थी र अभिभावकले कति रकम तिरीयो र कति तिर्न बाँकी छ? के वापत रकम लिएको हो? भन्न सक्ने अवस्था देखिदैन । यस सम्वन्धमा सम्वन्धित निकायवाट नियमित अनुगमन हुनुपर्ने तथा मेडिकल कलेज संचालक तथा निजहरुका नजिकका नातेदारको सम्पत्ति तथा लगानी समेत सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागवाट छानबिन गराई प्राप्त तथ्य र प्रमाणका आधारमा कारवाही प्रकृया अगाडि बढाउन मनासिव हुने देखिन्छ ।

- त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयवाट निजी मेडिकल कलेजमा परीक्षा संचालन तथा अनुगमन निरीक्षणको क्रममा तोकिए बमोजिमको योग्यता नपुगेका ब्यक्तिहरु समेत संलग्न भएको भन्ने मेडिकल कलेज संचालक तथा प्राप्त कागजातहरुवाट देखिएको/बुझिएकोले यसमा मनोनयन गर्ने र मनोनयन भई जानेले पदको दुरुपयोग गरेको देखिँदा छानबिन भई कारवाही हुनुपर्ने देखिन्छ ।
- अनुगमन तथा परीक्षा संचालन गर्न डिनको कार्यालयवाट सम्वन्धित कलेजमा खटिई जाने कर्मचारीको सम्पूर्ण खर्च कलेजले ब्यहोर्ने, पछि डिनको कार्यालयवाट दैनिक भ्रमण भत्ता तथा अन्य खर्चको विवरण हिसाव गरी सम्वन्धित कलेजमा पठाउने र कलेजले पनि हिसाव बमोजिमको रकम पठाउने गरेको (यस प्रकारको खर्च एउटा मेडिकल कलेजको बार्षिक करोडौ रकम देखिन्छ) देखिँदा यस सम्वन्धमा सही रुपले काम भयो/हुन सक्छ भन्न सकिने अबस्था देखिदैन । यस सम्वन्धमा उचित कारवाही हुन मनासिव देखिन्छ ।
- माथि तथ्य खण्डमा उल्लेख भए अनुसार बिभिन्न मेडिकल कलेजहरुले अनुगमन क्रममा खटी गएको टोलीले माग गरेको कागजात उपलब्ध नगराउने, टोली पिच्छे फरक फरक बिवरण/गलत विबरण उपलब्ध गराउने गरेको साथै संसदीय समितिलाई समेत विवरण ढाँटेको देखिएकोले सम्वन्धित कलेजलाई सम्वन्धित ऐन/नियम अनुसार कारवाही गर्न सम्वन्धित निकायमा लेखि पठाउने ।
- प्रायःजसो मेडिकल कलेजहरुले भौतिक पूर्वाधार, अस्पताल तथा शिक्षाको गुणस्तर आदि मापदण्ड पुरा गरी बिद्यार्थी कोटा प्राप्त गरेको अबस्थामा हाल आएर कोटा कार्टिंदा मेडिकल संचालकहरुले अनावश्यक रकम खर्च गरिरहनु परेको देखिँदा यस सम्वन्धमा मापदण्ड हेरी मापदण्ड अनुसारको विद्यार्थी संख्या निर्धारण गरिनु पर्ने ।
- त्रि.वि.वि. कार्यकारी परिषदको निर्णय नं. १८५०- त्रि.वि अनुगमन निर्देशनालयवाट चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत सम्वन्धन प्राप्त कलेजहरुमा शै.व. ०७४/७५ का लागि निर्धारित MBBS र BDS को शुल्क सम्वन्धमा किष्ट मेडिकल कलेज, नेशनल मेडिकल कलेज, चितवन मेडिकल कलेज, युनिभर्सल मेडिकल कलेज र गण्डकी मेडिकल कलेज गरी ५ वटा कलेजहरुमा बिशेषज्ञको टोलीद्वारा स्थलगत अध्ययन गरी पेश भएको प्रतिबेदन उपर छलफल हुँदा त्रिभुवन बिश्वबिद्यालय ऐन, २०४९ को दफा १४ (च) ले विद्यार्थी शुल्क (Tuition Fee) निर्धारण गर्ने अधिकार त्रि.वि.वि. कार्यकारी परिषदको रहेको र कार्यकारी परिषदकै निर्णयानुसार MBBS र BDS तर्फको शुल्क निर्धारण भइसकेको हुँदा आङ्गिक तथा सम्वन्धन प्राप्त क्याम्पसवाट तोकिएको शुल्क मात्र लिई अध्यापन गर्ने ब्यबस्था मिलाउन डिन कार्यालयलाई निर्देशन दिने।

## ६. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६ कार्तिक ७ गतेको निर्णयः

मेडिकल कलेजहरूमा भएको अनियमितता सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरू कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयलाई निर्देशन दिन, आवश्यक कारवाहीका लागि प्रतिवेदनको छाँया प्रति सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागमा लेखी पठाउने तथा प्रतिवेदनको छाँया प्रति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई उजूरीको लगत कट्टा गर्ने निर्णय गरियो ।